बर्दिबास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८२ साल पुष २९ गते मंगलवार बसेको नगरकार्यपालिका बैठकबाट देहायबमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | श्री तारा देवी | उप प्रमुख | |
| ३ | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| १८ | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| १९ | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| २० | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २१ | श्री विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| २२ | श्री प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री ऐश्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| २४ | श्री राममणि अधिकारी | प्र. प्र. अ. (सदस्य सचिव) | |

राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बैठकका प्रस्तावहरु:

१। नगर सभा गर्ने सम्बन्धमा,

२। वडा तथा नगर स्तरीय योजनाहरु संशोधन सम्बन्धमा,

३। बर्दिवास नगरपालिकाको लेखा समिति गठन र संचालन नियमावली,२०८२ सम्बन्धमा,

४। कार्यविधि स्वीकृत सम्बन्धमा,

५। बर्दिवास विद्या निकेतन संचालन अनुमतीको लागि विधान स्वीकृत सम्बन्धमा,

६। बर्दिवास अस्पतालको अस्थायी दरवन्दी सम्बन्धमा,

७। खयरमारा बर्थिङ्ग सेन्टर भवन निर्माण जग्गा सम्वन्धमा,

८। वडा नं १ नदि उकास जग्गा सुकुम्वासी व्यवस्थापन प्रयोजनमा ल्याउने सम्बन्धमा,

बैठकका निर्णयहरु:

१) प्रस्ताव नम्बर एक उपर छलफल गर्दा,बर्दिवास नगरपालिकाको १७औं नगरसभा मिति २०८२ माघ ०२ गते शुक्रवार गर्ने निर्णय गरियो।

२) प्रस्ताव नम्बर दुई उपर छलफल गर्दा, वडा तथा नगर स्तरीय योजनाहरु संशोधनको लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

३) प्रस्ताव नम्बर तीन उपर छलफल गर्दा,बर्दिवास नगरपालिकाको लेखा समिति गठन र संचालन नियमावली,२०८२ स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

४) प्रस्ताव नम्बर चार उपर छलफल गर्दा, देहायबमोजिमको कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

१. सामुदायिक अध्ययन केन्द्र परिचालक नियुक्ति सम्बन्धी कार्यविधि,२०८२

२. निष्कृय सहकारी संस्था घोषणा कार्यविधि,२०८२

३. बर्दिवास अस्पताल कर्मचारी व्यवस्थापन तथा प्रोत्साहन कार्यविधि,२०८२

५) प्रस्ताव नम्बर पाँच उपर छलफल गर्दा, बर्दिवास विद्या निकेतन संचालन अनुमतीको लागि विधान स्वीकृत गर्ने निर्णय गरियो।

६) प्रस्ताव नम्बर छ उपर छलफल गर्दा, बर्दिवास अस्पतालको अस्थायी दरवन्दी संरचना स्वीकृतिको लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

... अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

७) प्रस्ताव नम्बर सात उपर छलफल गर्दा, बर्दिवास नगरपालिका वडा नं ११ साविक खयरमारा गाविस २/ग कित्ता नं ४३० पूर्वमा बाटो,पश्चिममा बाटो, उत्तरमा वडा कार्यालयको भवन र दक्षिणमा बाटो यति चार किल्ला भित्रको अन्दाजी ५ कठ्ठा जग्गा खयरमारा स्वास्थ्य चौंकी बर्थिङ्ग सेन्टरको भवन निर्माण गर्ने प्रयोजनको लागि जग्गा उपभोगमा लिन सम्बन्धित निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो।

८) प्रस्ताव नम्बर आँठ उपर छलफल गर्दा, बर्दिवास नगरपालिका वडा नं १ मा रहेको साविक २५ नं बहादुरगंज ३/क कित्ता नं ९५ पूर्वमा कित्ता नं ८,पश्चिममा जंगल,उत्तरमा जंगल र दक्षिणमा बाटो यति चार किल्ला भित्रको जग्गा सुकुम्वासीहरुको बसोवास व्यवस्थापन प्रयोजनको लागि प्रयोग गर्ने निर्णय गरियो।

राममणि अधिका
प्रमुख प्रशासकीय अधि